म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १५ | आइतबार २९ साउन २०७९ | ने. सं. ११४२ गुँलागा | 14 August, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर बिक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८५११३२८७४ ९८४५०२८४३१**

# उद्योगका बक्यौता पाँच करोड बढी, पहुँचवालाले नै तिरेनन्

साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ हेटौंडा आद्योगिक क्षेत्रका अधिकांश उद्योगहरुले बक्यौता रकम नतिरेको पाइएको छ । उद्योग सञ्चालन गरे वापतको जग्गा भाडा नतिर्नेमा बन्द भइसकेकोदेखि पहुँचवालाहरु नै पर्छन ।

कानुनत: असार मसान्तभित्र हरेक वर्ष औद्योगिक क्षेत्रको जग्गा भाडा तिर्नुपर्छ । तर, २०७१ साल अघिदेखिकै जग्गा भाडा नतिर्ने उद्योगहरु छन् । ०७१ सालअघि औद्योगिक नीति नआएका कारण जग्गा भाडा नै नतिरी उद्योगहरु हिँडेका थिए । हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका अनुसार ०७१ सालअघि जग्गा भाडा नतिरी औद्योगिक क्षेत्र छोडेकाहरुले हालसम्म पनि बक्यौता रकम देखिएको छ । उनीहरुको नाममा अझै बक्यौता रहेको छ । पुराना मात्र नभई हाल सञ्चालनमा रहेका उद्योगहरुले पनि बक्यौता तिरेका छैनन् ।




कार्यालयका सूचना अधिकारी दिपक आचार्यका अनुसार गत आर्थिक वर्ष २०७८/०७९ को असार मसान्तसम्म आद्योगिक क्षेत्रलाई तिर्नुपर्ने उद्योगहरुको नाममा कुल ५ करोड ७९ लाख ५४ हजार १ सय ४ रुपैयाँ बक्यौता रहेको हो । कतिपय उद्योगहरुले साउन मसान्तभित्र बक्यौता रकम तिर्ने गरेको आचार्यले बताए । 'अहिलेसम्म ५ करोड ७९ लाख बढी बक्यौता देखिएको छ । यो रकम उद्योग नै छोडेकाहरुको नाममा पनि छ, अहिले चलिरहेका उद्योगहरुको नाममा पनि छ ।' आचार्यले भने, 'असार मसान्तसम्म पाँच करोड बढी बक्यौता देखिएपछि साउन मसान्तसम्म कतिपय उद्योगहरुले बक्यौता तिर्नेछन् ।,' ५ करोड ७९ लाख बक्यौता औद्योगिक क्षेत्र व्यवस्थापनको २०७५ मंसिर ५ गतेको निर्णयानुसारको बढेको भाडाभन्दा बाहेक हो । बढेको भाडामा पनि उद्योगीहरु आन्दोलित छन् । पाँच वर्षअघि भाडा बढाएर हाल तिर्नुपर्ने पत्र र बिल पठाएपछि उनीहरुले उद्योग मन्त्रालयको ध्यानाकर्षण गराएका थिए । विगतको निर्णय कार्यान्वयन नहुँदा उद्योगीहरुले हेटौंडा औद्योगिक क्षेत्रको प्रतिरोपनी आठ हजार तीन सय ३१ रुपैयाँ तिर्दै आएका थिए । प्रतिरोपनी आठ हजार तीन सय ३१ रुपैयाँपनि नतिरी उद्योगीहरुको ५ करोड ७९ लाख बढी रकम बक्यौता बसेको कार्यालयले जानकारी दिएको छ । हेटौंडा औद्योगिक क्षेत्रमा हाल १ सय ४८ वटा उद्योग सञ्चालनमा छन् । करिब चार वटा बन्द अवस्थामा छन् । तर, कार्यालयको लिष्टमा १ सय ९६ वटा उद्योगहरुले बक्यौता नतिरेको देखिन्छ । बाँकी ४८ वटा उद्योगहरु हाल हेटौंडा औद्योगिक क्षेत्रमा नरहेको कार्यालयका सूचना अधिकारी आचार्यले जानकारी दिए । औद्योगिक क्षेत्र छोडेपनि ती उद्योगहरुको नाममा हालसम्म पनि बक्यौता देखिएको आचार्यले बताए । कार्यालयले भाडा नै नतिरेका उद्योगहरुलाई ताकेता गरेको पाइदैन् ।

औद्योगिक क्षेत्रलाई भाडा नतिर्नेमा पँहुचवालाहरु नै पर्छन् । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डका भाञ्जादेखि, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडकै पूर्वमहाप्रबन्धकसम्म छन् । औद्योगिक क्षेत्रमा उद्योग सञ्चालन गर्ने भनेर जग्गा भाडाको सम्झौता गरेका पहुँचवालाहरु उद्योग खोल्नु त टाढाको कुरा मासिक भाडा पनि तिर्दैनन् । नियमानुसार जग्गा सम्झौता गरेको दुई वर्षभित्र उद्योग स्थापना गरिसक्नु पर्ने हुन्छ ।

दुई वर्षमा उद्योग सञ्चालन नगरे औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयलाई जग्गा फिर्ता गर्नुपर्छ । तर, पहुँचको आडमा जग्गा भाडामा लिएर उद्योग पनि सञ्चालन नगरी जग्गा फिर्ता नगरेको र भाडा पनि नतिरेको पाइएको हो । एक सय ५ रोपनी जग्गा भाडामा लिएर उद्योग नचलाइ जग्गा कब्जा गरिरहेका प्रचण्डका भाञ्जा गोकुल भण्डारीले असार मसान्तसम्म ५५ लाख ५५ हजार ४ सय २२ रुपैयाँ नतिरेको पाइएको छ । २०७३ सालमा भण्डारी सञ्चालक रहेको साउथ एसियन ब्रुअरी इण्डस्ट्रिज प्रालिले वियर उत्पादन गर्ने भन्दै जग्गा सम्झौता गरेको थियो । तर, यति ठूलो रकम कार्यालयलाई नतिरी उनी हिँड्दा पनि कारबाही हुन सकेको छैन् । भण्डारी मात्र हैन, एमाले अध्यक्ष केपी शर्मा ओलीको किचेनसम्म पुग्ने गरेका व्यवसायी तथा सञ्चार उद्यमी क्याप्टेन रामेश्वर थापा र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, बालाजुका पूर्वमहाप्रबन्धक नन्दकिशोर बस्नेतलेपनि भाडा तिरेका छैनन् ।

थापाका व्यवसायिक साझेदार नेकपा एमाले दैलेखका उपाध्यक्ष बस्नेतको संयुक्त परियोजना क्वालिटी ह्याचरीले ४३ लाख ६८ हजार ७सय ३४ रुपैयाँ भाडा हालसम्म तिरेको छैन् । २०६४ सालमदेखि औद्योगिक क्षेत्रको जग्गा कब्जा गरेर उद्योग नै नचलाएका थापा र बस्नेतले भाडा तिर्न नपर्ने दावी गर्दै उच्च अदालत पाटन इजलाशमा मुद्दा हालेको जनाइएको छ । कार्यालयले भने उनलाई भाडा तिर्न ताकेता गरिरहेको छ । तर, थापा-बस्नेतले त्यसलाई अटेर गरी भाडाबाट बच्न अदालतको सहारा लिएको देखिन्छ ।

औद्योगिक क्षेत्रकै नाम चलेका मल्टिनेशनल उद्योगहरुकै बक्यौता छ । असान्त मसान्तसम्म एसियन पेन्ट्स (नेपाल) प्रालिको नाममा १५ लाख २४ हजार ६ सय ४३ रुपैयाँ बक्यौता छ । कृषि सामग्री कम्पनी लि. (राष्ट्रिय बिउबिजन कम्पनी प्रालि)ले असार मसान्तसम्म ३१ हजार ८ सय ४४ रुपैयाँ बक्यौता नतिरेको देखिन्छ । हेटौंडा दुग्ध वितरण आयोजनाकै नाममा ४ लाख ६७ हजार ९ ६५ रुपैयाँ बक्यौता छ । क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले २ लाख ५२ हजार २ सय ७९ रुपैयाँ बक्यौता तिर्न बाँकी रहेको देखिन्छ ।

## बागमतीमा बदमासी, खरिद ऐन मिचेर काम



साझाकुरा संवाददाता


हेटौंडा, २८ साउन/ मकवानपुरको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकामा सार्वनजिक खरिद नियमावली विपरित काम गरेको पाइएको छ ।

नेकपा माओवादी केन्द्र मकवानपुरका अध्यक्षसमेत रहेका सकेर्श घलान अध्यक्ष रहेको गाउँपालिकामा बदमासी भएको महालेखा परीक्षकको कार्यालयले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा ऐन अन्तर्गत् बनेको नियमअनुसार प्रतिस्पर्धा सीमित हुने गरी सोझै खरिद गर्नु नहुने भएपनि गाउँपालिकाले कमिशनको लोभमा पालिकालाई आवश्यक सामग्री सोझै खरिद भएको पाइएको छ ।

गाउँपालिकाले बिल र भरपाई बिनै बिद्यालयलाई एक करोड ६७ लाख ८० हजार रुपैयाँ भुक्तानी दिएको भन्दै महालेखाले प्रश्न उठाएको हो । गाउँपालिकाले वडा नम्बर-८ स्थित, जनता माध्यमिक विद्यालयलाई भौतिक पूर्वाधार निर्माणको काम गरेको कुनैपनि बिल, भर्पाइ नलिई रकम भुक्तानी गरेको महालेखा परिक्षकको कार्यालयले जनाएको छ । आर्थिक वर्ष २०७७/०७८ मा गाउँपालिकाले नमुना विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्ने कामका लागि रकम विद्यालयको खातामा भुक्तानी गरेपनि बिल, भरपाई, कार्य सम्पन्न प्रतिवेदन केही उलब्ध नगराएको महालेखा परिक्षकको कार्यालयको प्रतिवेदनमा उल्लेख छ । उक्त भुक्तानी रकम असुल गर्न महालेखाले सुझाव दिएको छ ।

यसैगरी, गाउँपालिकाले २७ लाख ८१ हजार ५ सय ६१ रुपैयाँको सामान सार्वजनिक खरिद नियमावली मिचेर सोझै खरिद गरेको पाइएको छ । गाउँपालिकाले छपाइका सामान, मसलन्दका सामान खरिदमा योजना टुक्रा पारेर सोझै खरिद गरेको हो । गाउँपालिकालाई चाहिने आवश्यक सामान खरिदमा योजना टुक्रा-टुक्रा पारेर नियम विपरित खरिद गरेको महालेखा परिक्षकको कार्यालयले प्रतिवेदनमा लखेको हो । महालेखाले आव २०७७/०७८ मा नियम विपरित खर्च गरेको भन्दै प्रश्न उठाएको हो ।



साझाकुरा

## हाम्रो कुरा

# व्यक्तिगत घटना दर्ता समयमै गरौं

मानिसको व्यक्तिगत जीवनमा हुने सबैखाले घटनालाई व्यक्तिगत घटना भनिन्छ । मानिस जन्मनु, मृत्यु हुनु, विवाह हुनु, सम्बन्ध विच्छेद हुनु, बसाईसराई हुनु मानिसको जीवनमा हुने घटनाहरु हुन् । यी सबै पाँच घटनालाई स्थानीय पञ्जीकरण अधिकारीसमक्ष घटना भएको ३५ दिनभित्र दर्ता गरिसक्नु पर्छ, नत्र जरिवाना लाग्छ । यी पाँच घटनामध्ये जन्म र मृत्यु सबैको जीवनमा हुन्छ । त्यो अनिवार्य दर्ता गराउनुपर्छ । तर, विवाह, सम्बन्ध विच्छेद र बसाईसराई भने हुनपनि सक्छ नहुन पनि सक्छ । यी सबै घटनालाई समयमा दर्ता नगर्दा समाजमा विभिन्नखाले विकृत घटनाहरु पनि हुने गरेका छन् ।

जन्मदर्ता समयमा नगर्दा बालबालिकाले शिक्षा, स्वास्थ्य तथा राज्यबाट प्रदान गरिने विभिन्नखाले सुविधाबाट बञ्चित हुनुपर्ने हुन्छ । जन्मदर्ता नभए नगरिकता बनाउन मिल्दैन । नागरिकता नभए व्यक्तिको वास्तविक परिचय नै खुल्दैन । परिचय नखुल्दा न रोजगार गर्न पाइन्छ न व्यवसाय सञ्चालन । व्यक्तिको परिचय खुलाउने नागरिकता नभएका कारण समाजमा धेरैले असहज जीवन बिताइरहेका छन् । तर, यति हुँदाहुँदै पनि मानिसहरु व्यक्तिगत घटना दर्ता समयमा गर्दैनन् भन्ने गुनासो स्थानीय पञ्जिकरण अधिकारीहरुले बताएका छन् । घटना दर्ताका सन्दर्भमा राज्यको तर्फबाट सञ्चारमाध्यममा त्यत्तिकै सूचित गरिएको पाइन्छ । समयमा व्यक्तिगत घटना दर्ता गराउन बाध्य पार्न जरिवानाको समेत व्यवस्था गरेको पाइएको छ । तर, नागरिकको अकर्मण्यता कायम रहेको पाइन्छ ।

व्यक्तिगत घटना दर्ता राष्ट्रिय तथ्याङ्कसंग सम्बन्धित हुने हुँदा राज्यको हरेक नीति निर्माण, बजेट विनियोजन र सामाजिक सुरक्षा कार्यक्रमसमेतमा गम्भीर असर गर्ने हुँदा यसलाई सबैले महत्व दिनु आवश्यक छ । पछिल्लो समय घटना दर्ता कार्यक्रममा धेरै स्थानीयतहले अनलाईन प्रणालीमा समाविष्ट गरिसकेका छन् । त्यसैले कुनैपनि घटना अनिवार्य तर, एकपटक मात्र गर्नुपर्छ । त्यसबाट राज्यले उचित समयमा उचित योजना बनाउन सजिलो र प्रभावकारी हुन्छ । तथ्याङ्क बिना कुनैपनि योजना प्रभावकारी ढंगबाट सञ्चालन नहुने भएका कारण पनि व्यक्तिगत घटना दर्ता अत्यन्तै महत्वपूर्ण विषय भएको हो । यसलाई सबैले समयमै गरेर राज्यलाई सहयोग गर्नु र आफूले सुख पाउनुको विकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ साउन ३० गते सोमबार १५ अगष्ट २०२२ । भाद्र कृष्णपक्ष चतुर्थी । गुँलागा ११४२ । सूर्योदय: ५:३५, सूर्यास्त: ६:४० मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आफन्तबाट चिन्ता | तुला | : आर्थिक सिद्धि |
| वृष | : इष्ट सिद्धि | वृश्चिक | : कार्य सिद्धिमा विलम्ब |
| मिथुन | : मित्रबर्गबाट धोका | धनु | : परिवारमा कलह |
| कर्कट | : सम्पत्ति सम्बन्धी विवाद | मकर | : यात्रामा बाधा |
| सिंह | : न्यायिक कार्यमा सफलता | कुम्भ | : अपजस पाइने |
| कन्या | : कार्यगत उतारचढाव | मीन | : बौद्धिक कार्यमा वाधा |

# समाजवादी साहित्य कस्तो हुने ?



डा. धनप्रसाद सुवेदी

समाजवाद आर्थिक तथा राजनीतिक कार्यक्रम त हुँदै हो, यो साहित्यिक कार्यक्रम पनि हो । साहित्यका सन्दर्भमा समाजवादको अवधारणाको थालनी मुख्यत: रुसी क्रान्तिपछि रुसबाटै जन्मिएको हो । समाजवादी साहित्यलाई समाजवादी यथार्थवाद भन्ने गरिन्छ । नेपालमा पनि समाजवादी यथार्थवादबारे चर्चा हुँदै आएको छ । गणतन्त्रको स्थापनापछि जारी नेपालको संविधानको प्रस्तावनामा 'समाजवाद उन्मुख राज्य'को परिकल्पना गरिएको छ ।

हामीकहाँ सबैजसो पार्टीले आफूलाई सच्चा समाजवादी भन्ने गरेका छन् तर समाजवादबारेको बुझाइ र त्यसतर्फको बाटोका बारेमा अनेक मत रहेका छन् । समाजवादका बारेमा अपेक्षित रूपमा छलफल र बहस भएको पाइँदैन । यही पृष्ठभूमिमा अखिल नेपाल लेखक संघ, वागमती प्रदेशको आयोजनामा २०७९ असार ३१ र ३२ गते काभ्रे जिल्लाको नमोबुद्धमा छलफल भई वर्तमानको समाजवादी साहित्यसम्बन्धी घोषणापत्र प्रस्तुत गरियो । यहाँ सोही घोषणापत्रका मूलभूत विषयलाई यहाँ चर्चा गरिएको छ ।

***साहित्यको विषयवस्तु***

घोषणापत्रले समाजवादी यथार्थवादी लेखनको विषयवस्तु, वर्गसंघर्षको वर्तमान स्वरूप, लेखकीय पक्षधरता, प्रविधिको प्रभाव तथा रूपसौन्दर्यको पक्षमा चर्चा गरेको छ । समाजमा आएको परिवर्तनसँगै साहित्य लेखनमा समेट्नुपर्ने खास विषयवस्तुमा पनि परिवर्तन आएको छ । लेखकहरूले आफ्नो लेखनका माध्यमबाट सामन्तवादका अवशेषलाई समाप्त गर्दै पुँजीवादले निम्त्याएको संकटविरुद्ध ध्यान केन्द्रित गर्नुपर्ने भएको छ र समाजवादका यात्रामा हिँड्नुपर्नेछ ।

समाज, राजनीति, संस्कृति, अर्थराजनीति, दर्शन, ज्ञानविज्ञान आदि क्षेत्रका अन्तर्विरोध र समग्र उत्पीडनविरुद्धको आवाजलाई आजको साहित्यले समेट्न सक्नुपर्छ । पुँजीवादी दलन र यसका कुरूपताको उद्घाटन, वैदेशिक रोजगारी र त्यसका विकृत पक्ष, सामाजिक न्याय स्थापनाको खोजी, जनयुद्ध तथा जनआन्दोलनका सौन्दर्य मूल्य, प्राप्ति र बलिदानी गाथाहरूको संरक्षण आजको साहित्यको मूल विषयवस्तु हुनुपर्ने घोषणापत्रको सार छ ।

समाज र संस्कृतिका क्षेत्रमा रहेका विकृत तथा अनुपयोगी पक्षको त्याग र वैज्ञानिक पक्षको अवलम्बन, वर्गप्रेम, राष्ट्रप्रेम, भाषाप्रेम, पहिचानप्रेम, अस्तित्वप्रेम, स्वाधीनताप्रेम, विज्ञान प्रविधि आदिलाई आजको साहित्यले जोड दिनुपर्छ । यस्तै, प्राकृतिक विविधता, पर्यावरणीय सदुपयोग र संरक्षणप्रतिको सचेतना, क्रान्तिको अनिवार्यता र निरन्तरतालाई जीवन, समाज, स्थान र समयसापेक्ष बनाएर साहित्य प्रस्तुत गर्नुपर्नेछ । समाजवादी यथार्थवादी संस्कृति निर्माणमा लिनुपर्ने पहलकदमी, समाजवादी समाज, संस्कृति तथा अर्थव्यवस्थाको आदर्शीकृत चित्रण, संस्कृति र धर्मका नाममा लादिएका विभेदको विरोध, भूमण्डलीकृत साम्राज्यवाद, दलाल-नोकर शाही पुँजीवाद, उपभोक्तावाद तथा उत्तरवादको विरोध आदिलाई वर्तमान समाजवादी लेखनको विषयका रूपमा लिनुपर्ने घोषणापत्रमा उल्लेख छ ।

***वर्ग संघर्षको स्वरूप***

घोषणापत्रले नेपाली समाजमा वर्गसंघर्षको स्वरूपका बारेमा पनि चर्चा गरेको छ । अहिलेको वर्ग संघर्ष उत्पीडित र उत्पीडक वर्गका बीचमा मात्रै भनेर नपुग्ने अवस्थामा छ । यसको स्वरूप बहुआयामिक छ । सम्पन्न र विपन्नबीच, वर्गभित्रको लैंगिकता र लैंगिकताभित्रको वर्गबीच, पुँजीपति र श्रमिकबीच, दलाल पुँजीपति र राष्ट्रिय पुँजीपतिबीच, उत्पादक, उत्पादन सम्बन्ध, बिचौलिया र उपभोक्ताबीच अन्तर्विरोध रहेको घोषणापत्रको निष्कर्ष छ ।

यस्तै, जनसंस्कृति र आयातीत संस्कृतिबीच, श्रमजीवी वर्ग, उत्पादक, दलाल पुँजीपति र तिनलाई संरक्षण गर्ने राजनीतिक शक्तिबीच, बजारमुखी अर्थतन्त्र, अस्वस्थ बजारीकरण र दलाल पुँजीपतिको कब्जाबाट मुक्त गर्न चाहने उपभोक्ताबीच, राज्यका सेवासुविधामा एकाधिकार जमाउन चाहने शासक वर्ग र शासितबीच, निजी कम्पनी, कलकारखाना, उद्योगधन्दा, आमसञ्चार आदि क्षेत्रमा एकाधिकार जमाउने दलाल पुँजीपति वर्ग, त्यसलाई राजनीतिक संरक्षण प्रदान गर्ने राज्यसत्ता र आमजनताबीच पनि अन्तर्विरोध छ ।

यी अन्तर्विरोधप्रति लेखकीय पक्षधरता हुनु अनिवार्य रहेकोतर्फ घोषणापत्र सचेत छ । खासगरी वैचारिक पक्षधरता (द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विचारको पक्षधरता), वर्गीय पक्षधरता (उत्पीडित तथा श्रमजीवी वर्गको पक्षधरता) र सांगठनिक पक्षधरता (वैचारिक तथा वर्गीय पक्षधरताका साथै साम्यवादतर्फको यात्रा) मा घोषणापत्रले जोड दिएको छ । तर, जोकोहीप्रति स्वस्थ आलोचना गर्न र आफ्नो विचार राख्न लेखक स्वतन्त्र रहनेछन् ।

***प्रविधिको प्रभाव***

समय र मान्छेका चेतनाले दिएको सुन्दर पक्ष हो, प्रविधि । यसले मानव जीवनलाई सहजीकरण गरेको छ । लेखन तथा प्रकाशन संस्कृतिको विकास पनि भएको छ । तर यसको प्रयोग गर्ने चेतना र सीपका अभावमा नेपाली समाजमा विखण्डन, नकारात्मक चेतना, निराशा, भ्रम र द्वन्द्वको सिर्जना भएको छ । यसलाई राष्ट्रिय पुँजीको निर्माण, वर्गीय विचारधाराको सहयोगीका रूपमा सदुपयोग गर्न सकिने प्रशस्त सम्भावना छन् । वर्तमान लेखनमा प्रविधिको अनुकूल र प्रतिकूल प्रभाव परेको देखिन्छ ।

साहित्य सिर्जनाको विश्वव्यापीकरण हुनु, पाठकीय सहजताको विकास हुनु, लेखक र पाठकबीचको दूरी कम हुनु, सिर्जनामा लेखक र पाठकको पहुँच बढ्नु, युवा पुस्ता साहित्य सिर्जना र पठनप्रति छिटो आकर्षित हुनु प्रविधिको प्रयोगले पारेका सकारात्मक प्रभाव हुन् । प्रचारबाजी चिन्तन, विचारमा छिपछिपेपन, सिर्जनाको नक्कल र बौद्धिक चोरीमा वृद्धि हुनु, पारिवारिक र सामुदायिक विखण्डनको समस्या बढ्दै जानु आदि प्रतिकूल प्रभाव हुन् ।

साहित्यमा अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक सन्तुलन हुन आवश्यक छ । यही सन्तुलनले विधा सौन्दर्यको निर्माण हुन जान्छ । विधा सौन्दर्यलाई अन्तर्वस्तु र रूप दुवै तहमा विकास गर्नका लागि कलासाहित्यको प्रभावकारिता वृद्धि गर्दै त्यसलाई विविध अलङ्करण प्रविधिले युक्त बनाउन आवश्यक रहेको घोषणापत्रमा उल्लेख छ ।

***पहिचान***

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक देश हो । यसर्थ सबै प्रकारका विभेदको अन्त्य गर्दै, सबैको हकहितको रक्षा गर्दै र सबैको संस्कृतिको सम्मान र संरक्षण गर्दै देशलाई सामाजिक न्यायसहितको समृद्धि र विकासतर्फ लैजान आवश्यक छ । कुनै जाति, वर्ग, समुदाय, वंश आदिमा रहेको एकाधिकार, वर्चस्व र प्राथमिकताको अन्त्य गर्दै सबै जाति, समुदायको सामाजिक पहिचानको मुद्दा स्थापित गर्न बलियो राष्ट्रिय एकता आवश्यक छ । त्यसैले मौलिकतासहितको समाजवादी समाज निर्माण गर्नका लागि घोषणापत्रले जोड दिएको छ ।

***लोकवार्ता***

लोकवार्तामा मानव जातिका इतिहास, संस्कृति, विचार, अनुभव, दु:खसुख, संघर्ष आदि अन्तर्निहित हुन्छन् । यो मानव जातिको महत्त्वपूर्ण सम्पत्ति हो । लोकवार्तालाई अग्रजले आफ्ना सन्ततिका साथै समग्र मानव जातिका लागि प्रदान गरेको उपहारका रूपमा ग्रहण गर्नुपर्दछ ।

यसका लागि लोकवार्तामा रहेका मानव जातिका इतिहास, संस्कृति, विचार, विश्वासको संरक्षण गर्नुपर्नेमा घोषणापत्रको जोड छ । सर्वप्रथम लोकवार्ताको गहन अध्ययन, अनुसन्धान, विश्लेषण आवश्यक छ । लोकवार्ताका आधारमा समाजमा अन्धविश्वास, कुरीति, कुसंस्कार आदि विद्यमान छन् भने त्यसको विरोध गर्नुपर्नेछ । त्यस्तै नेपाली लोकवार्तामा रहेका मौलिक एवं उपयोगी लोककला (गायन, वादन, नृत्य आदि), शिल्प, प्रविधि, इन्जिनियरिङ, वास्तु, खानपान, उपचार पद्धति आदिको पहिचान गरिनुपर्छ । लोकवार्ताका विम्ब, प्रतीक एवं मिथकलाई लिएर वा परिमार्जन गरेर नयाँ समाजवादी साहित्य सिर्जना गर्न सकिन्छ ।

***बालसाहित्य***

बालबालिकाको सर्वांगीण विकासका लागि बालसाहित्यको महत्त्वपूर्ण भूमिका हुन्छ । अत: समाजवादी लेखनमा बालसाहित्यलाई यथोचित ध्यान दिनु आवश्यक छ । बालबालिकाका लागि शैक्षिक पाठ्यक्रम तथा पाठ्यपुस्तकमा नेपाली मौलिक पहिचान, संस्कृति, राष्ट्रियताको महत्त्वबोध गराउने विषय समावेश गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ ।

समाजका विभेद बुझाउने र त्यसलाई हटाउने, न्यायपूर्ण समाज निर्माण गर्ने, उत्पादनमा जोड दिने सोच निर्माण गर्ने खालका बालसाहित्य हुनुपर्छ, यसका लागि अभियान चलाउन सकिन्छ । टोलैपिच्छे बालक्लब, वाचनालय, बालपुस्तकालय आदिको स्थापना गर्नुपर्ने हुन्छ ।


***संगठन***

समय सन्दर्भअनुसार संगठनका संरचनामा पनि परिवर्तन हुन्छ । समाजवादी लेखकहरूको संगठन पनि समयअनुसार परिवर्तन गर्न आवश्यक छ । लेखक संघको सदस्य बन्नका लागि र त्यसको नवीकरणका लागि प्रकाशित सामग्रीको परिमाण तथा लेखाइको गुणवत्तासम्बन्धी निश्चित मापदण्ड तोक्ने घोषणापत्रमा उल्लेख छ ।

संगठन कस्तो हुने वा बनाउने भन्ने सन्दर्भमा केही बुँदासहित घोषणापत्र बोलेको छ । नेपालमा राजनीतिक पार्टीहरूले घोषणापत्रमा लेखेका कुरा कार्यान्वयन नगरेकामा आलोचना गर्नेमा सबैभन्दा अगाडि लेखक नै हुन्छन् । भन्न जति सजिलो छ, गर्न त्यति नै गाह्रो छ भन्ने कुरा लेखकहरूलाई थाहा छ । हेरौं, हामी आफैंले गरेको घोषणालाई व्यवहारमा उतार्न सक्छौं कि सक्दैनौं ।

-साभार: रातोपाटी

# 'हाम्रा' हैन, 'राम्रा र योग्य' छानौं



सुशीला कार्की

संविधान सभाद्वारा निर्मित नेपालको संविधान २०७२ अनुरूप २०७४ को आमनिर्वाचनबाट गठित संघ-प्रदेश संसद्को आयु समाप्त हुँदै छ । सरकारले आमनिर्वाचन २०७९ मंसिर ४ गतेका निम्ति घोषणा गरेसँगै निर्वाचन आयोग तातिसकेको छ । अब बिस्तारै मुलुक निर्वाचनमय माहौलमा प्रवेश गर्दै छ । नयाँ संविधानअनुसार, मुलुकलाई १६५ क्षेत्रमा विभाजित गरी प्रत्येक एक क्षेत्रबाट एक सदस्य प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गरियो । यसका अतिरिक्त एक सय दश जना सांसदहरू समानुपातिक पद्धतिका आधारमा निर्वाचित गर्ने व्यवस्था राखियो । दुवै गरी तल्लो सदन अर्थात् प्रतिनिधि सभामा दुई सय पचहत्तर सदस्य रहन्छन् । अनि सात प्रदेशमा ५५० सदस्यका निम्ति पनि चुनाव हुँदै छ ।

माथिल्लो सदन अर्थात् राष्ट्रिय सभामा स्थानीय तहका प्रमुख तथा उपप्रमुख र प्रदेश सभाका सदस्य सम्मिलित निर्वाचक मण्डलले महिला तीन जना, अपाङ्गता भएका एक र अल्पसंख्यक समेतका अनिवार्य आठ जनासमेत रहने गरी जम्मा ५६ संख्याको सदस्यहरू निर्वाचित गर्ने पद्धति छ । यसका अतिरिक्त नेपाल सरकारको सिफारिसमा एक महिलासहित तीन जना राष्ट्रपतिद्वारा चयन गरिने सदस्यसहित जम्मा ५९ सदस्य रहने व्यवस्था छ । तेस्रो विश्वका मुलुकहरूमा निर्वाचनका बेला दलीय नेता र कार्यकर्ताहरूलाई मात्र होइन कि आमजनताले पनि बढी महत्व र चासो राख्छन् ।

निर्वाचनमा खडा हुने उम्मेदवारहरूको चयन, उम्मेदवार बन्दुन इच्छा राख्नेहरूको दलका नेतृत्वपंक्तिमाथि उम्मेदवारीको टिकट पाउने दबाब, दलहरूले उम्मेदवारहरूको प्रचारप्रसारमा देखाउने सक्रियता, मतदाताहरूलाई आकर्षित गर्ने माध्यमहरूको प्रयोग जस्ता क्रियाकलाप हुने गर्छन् । एक प्रकारले भन्दुने हो भने केही समय मुलुकभित्रको कुनै पनि समाचारका माध्यमहरूमा यिनै विषय चर्चाले महत्व पाउनेछन् ।

तेस्रो विश्वका मुलुकहरू जहाँ आमनागरिकबीच निर्वाचनको स्वच्छताबारे चेतना पलाएको छैन । अझै पनि निर्वाचनमा दलहरूका नेतृत्व पंक्तिले उम्मेदवारहरूसँगै भारी रकम असुलेर उम्मेदवारीको टिकट वितरण गरिन्छन् । मतदातालाई पैसा वितरण गरेर मत खरिद गर्ने, मत पेटिका नै लुट्ने, डर धाकधम्की त्रास र प्रलोभनको आधारमा निर्वाचनमा सफलता हासिल गर्ने प्रवृत्ति झाँगिँदो छ । सत्तामा बहाल रहेरै सत्ताधारीहरूले निर्वाचनका बेला प्रहरी प्रशासन वा सरकारी साधनहरूको दुरुपयोग गर्ने गरेको पनि प्रशस्त सुनिन्छन् । नेपालको निर्वाचन पनि यी यस्ता गुनासोहरूबाट अछुतो छैन । नेपालको चालु संसद्मा राजनीतिक वा अन्य भूमिका के कस्तो रह्यो ? भावी दिनहरूमा कस्ता सांसदहरूको उपस्थिति संसद्मा हुनु आवश्यक छ ? यी विषय अब यतिखेर चासो र चर्चाका विषय हुन् । राज्यको तीन अङ्गमध्ये संसद् महत्वपूर्ण अङ्ग हो । उसको मूल काम सरकार निर्माण गर्ने, कानुन निर्माण गर्नु र राज्य संयन्त्रका क्रियाकलापका निगरानी गर्नु हो । राज्यका तीन अंगहरूबीच संविधानले नै शक्तिको बाँडफाँड गरेको हुन्छ । एक अंगले पाएको हक अधिकारविरुद्ध अर्को अंगले अतिक्रमण नगरोस् भन्दुने हेतुले शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्तलाई आधार बनाइन्छन् ।

सरकारद्वारा प्रस्तावित गर्ने गरेको विधेयक वा प्रस्तावहरू पारित गर्दाका बखत संसद् असहमत हुन सक्ने व्यवस्था छ । त्यस्तै सत्ताधारी दलविरुद्ध विपक्षी दलले सरकारको काम-कारबाहीको विरोध गरी नियन्त्रण गर्ने गरेको पनि हुन्छ । संसद्विरुद्ध कार्यपालिकाले प्रत्यक्ष अतिक्रमण गर्न खोज्छ । अझ संविधान विपरीत विघटन गर्न उद्यत् भएकै हुन् । संसद्भन्दा सरकार बलियो हुँदा उसले अंकुश लगाउन पछि नपरेका घटनासमेत देखापर्‍यो ।

२०७४ देखि २०७९ सम्मको संसद्को कार्यकाललाई मूल्यांकन गरी हेर्दा के देखिएको छ भने प्रथमत: प्रतिनिधि सभाले दुई पटकसम्म अनावश्यक विघटन झेल्नुपरेको थियो । पहिलो चोटि २०७७ पुस ५ र दोस्रो २०७८ जेठ ७-८ मध्यरातमा प्रतिनिधि सभा विघटन हुन पुग्यो । दुवै पटक तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीबाट विघटन भयो । तथापि संसद्को तल्लो सदनमा दलीय हिसाबमा नेकपा दलमा एक स्वतन्त्र सांसद मिसिएपछि १७५ सदस्य थिए । २०७४ को निर्वाचनपछि एमाले र माओवादीको एकतासँगै 'नेकपा' बन्यो । नेकपा बनेसँगै यो दलको संसद्मा दुई तिहाइ मत कायम हुन गएको हो । आमजनताले एउटा बलियो सरकार निर्माणसँगै स्थिर शासन पद्धतिको अपेक्षासहित हर्ष प्रकट गरेका हुन् । यसरी भावी दिनहरूमा सरकार स्थिर रहने आस गर्दै संसदीय व्यवस्थाको पूर्वकालमा भए जस्तो जथाभावी विघटन संवैधानिक पद्धतिसँगै बरु मुलुकले विकासको फड्को मार्ने आशा राखेका थिए । संसदीय व्यवस्था आफैँमा स्वयं खराब होइन, किनकि संसारमा सयकडौं वर्षदेखि यो व्यवस्था चल्दै आएको छ । यो व्यवस्थाबारे आलोचना गर्नुभन्दा नेपालको हकमा व्यवस्था चलाउने जिम्मेवारी पाएका व्यक्ति र पात्रहरूको भूमिकाबारेमा मूल्यांकन गर्न अब विद्वान्हरूले जरुरी देखेका छन् ।

आम पढेलेखेका विद्वान्हरूको भनाइ सुन्नमा के आएको छ भने राजनीतिक दलहरूको जुन भूमिका देखिएको छ त्यसलाई हेर्दा दलीय व्यवस्थाभन्दा पनि एकतन्त्रीय व्यवस्था हाबी हुँदै आएको धेरैले अनुभूति गरेका छन् । किनकि यतिखेर पाँच दलीय गठबन्धनका नेताहरू एक भएका छन् । यत्रतत्र मिलोमतोमा काम भएको देखिएको छ । परिणामत: जनताले नाङ्गो आँखाले देखेको भ्रष्टाचार र अनियमिततालाई गठबन्धनको सरकारले ढाकछोप गरिरहेको छ ।

दलीय राजनीतिमा कार्यकर्ताहरूको जुन स्वतन्त्र भूमिका देखिनुपर्ने थियो त्यो नरहेर नेतामुखी भएको छ । कार्यकर्ताहरू दासदासीहरू जस्ता देखिएका छन् । पहुँचमा रहे भएका केन्द्रीय नेताहरूले जे अह्राउने गर्छन् कार्यकर्ताहरुले त्यही पालन गर्ने गरेको देखिएको छ । प्रत्येक दलमा केन्द्रमा मुख्य नेता कमान्डर हुने र कार्यकताहरूले उसको जायज वा नाजायज आदेश पालना गर्ने गरेको पाइन्छ । दलीय व्यवस्थामा जहिले पनि दलका कार्यकर्ताहरूबीच छलफल विचार विमर्श हुने गर्छ । नेताले दलको बहुमतले दिएको विचारलाई अनिवार्यत: मान्नुपर्छ । स्वयं आफूले आफ्ना मनमा लागेका कुरा मात्र थोपार्ने होइन कि दलको अनुशासनको पालना सबैले गर्ने गर्नुपर्ने हुन्छ ।

नेपालमा नेताहरूको सत्तामा सदैव हाबी रहने प्रवृत्ति एकातिर बढेर गएको छ भने अर्कोतिर तिनले दलीय कार्यकर्ताहरूको वैचारिक स्तर विकास गर्ने सवालमा चिन्तन गरेको देखिँदैन । २०४६ पूर्वप्रतिबन्धित अवस्थाका दलहरूले आफ्ना कार्यकर्ताहरूलाई प्रवास वा भूमिगत रहँदा बस्दा ती कठोर दिनहरूमा पनि दलगत सिद्धान्तको शिक्षा र तालिम दिने गर्थे । तर अचेल त्यसको अभाव देखिएको छ । अब दलहरूबीच दलीय सिद्धान्तभन्दा बढी परिवारवाद, आफन्तवाद, एकाधिकारवाद हाबी भएको छ । हालका शीर्ष नेताहरूलाई कार्यकर्ताहरू शिक्षित, विचारको प्रवर्द्धक र सम्प्रेषक, अनि विद्वान् भएकाहरूको आवश्यकता नै पर्दैन । त्यसैले गर्दा विद्वान् कार्यकर्ताहरू प्रत्येक दलबाट बाहिर हुँदै पाखा लाग्ने गरेका छन् । यथार्थमा भन्ने हो भने दल हाँक्ने शीर्ष नेताहरूलाई दलीय कार्यकर्ताहरू मूढ, मसल भएका, हुकुमको तामेली गर्ने बुद्धि र विवेक बन्धक राख्ने तप्काको खाँचो छ । प्रत्यक्ष छ कि विवेक र बुद्धि भएका कार्यकर्ताहरूले नेताहरूको कुर्सी खोस्न सक्ने सम्भावना रहन्छ । जुन कुर्सीमा उनीहरू आफू बाँचुन्जेल बस्ने र मरेपछि आफ्ना वारिसलाई हस्तान्तरण गर्ने चाहना राख्छन् । तसर्थ, विद्वत् र कुशल वर्गका कार्यकर्ताहरूलाई सक्दो रूपमा पाखा लगाएकै कारणबाट मुलुकलाई हाँक्नुपर्ने नवयुवा विद्वान्हरू रोजीरोटी र कामको खोजीमा विदेशतिर भासिएका छन् ।

चालु संसद्बारे गुनासो के पनि रहेको छ भने जति कानुनहरू बन्नुपर्ने थिए, ती यस अवधिमा बनेनन् । वर्षौंसम्म थाती रहे । जो बनेका छन् तिनमा पनि अधिकांशमा गम्भीर छलफल हुन नसकी ताली पड्काउने कामसम्म मात्र भयो । संसद् भनेको विषयगत गम्भीर छलफल हुने थलो हो । त्यहाँ सांसदहरू बोल्छन्, भाषण गर्छन् । यस्ता छलफल र भाषणहरूबाट सिध्दान्तहरूको जन्म हुन्छ । संसारका केही मुलुकमा सांसदहरूले घण्टौंसम्म बोलेर रेकर्ड तोडेको उदाहरण पनि छ । त्यति मात्र होइन सांसदहरू प्रचूर मात्रामा विषयगत अध्ययन गरेर तिनले आफ्ना विचार प्रस्तुत गर्ने गरेका हुन्छन् । त्यस्ता विद्वान् सांसदहरूको कदर पक्ष-विपक्षका सबै दलहरूले गर्ने गरेका हुन्छन् । यो संसद्को अवधिमा स्थानीय तह र प्रदेशसँग सम्बन्धित धेरै कानुन बनाउन सकेन भन्ने गुनासो पनि छ । त्यस्तै कयौं महत्वपूर्ण कानुनहरू बनेका छैनन्, जुन अनिवार्यत: बन्नुपर्ने थियो ।

अनौठो त सत्ताधारीबाटै छ महिनाअघि महाभियोग प्रस्ताव दर्ता गरियो, लामो समय छानबिनमा समेत नपठाएर बन्धक राखियो । बल्लबल्ल संसदीय महाभियोग छानबिन पठाइयो । छानबिन समितिले प्रतिवेदन पठाइसक्दा सम्भवत: यो प्रतिनिधि सभा रहन्न होला । प्रधानन्यायाधीशमाथि महाअभियोग निष्कर्ष खोज्ने मामलामा जसरी ढिलाइ गरियो, त्यो सार्वभौम संसद्का निम्ति सुहाउने विषय थिएन ।

-बाँकी ३ पेजमा....

# सरकारद्वारा मिटरब्याजीविरुद्ध उजुरी दिन आह्वान

काठमाडौँ, २८ साउन (रासस)/ सरकारले मिटरब्याजीविरुद्ध बढीभन्दा बढी तथ्य र प्रमाण जुट्ने गरी स्थानीय प्रशासन कार्यालयमा उजुरी दिन पीडितहरुमा आह्वान गरेको छ ।

मिटरब्याजी अपराध नियन्त्रणका लागि प्रधानमन्त्री शेर बहादुर देउवाको निर्देशनपछि शुक्रबार मात्रै गृहमन्त्रीस्तरीय निर्णयबाट मिटरब्याजी अपराध नियन्त्रणका सिफारिस गर्न गठित कार्यदलले शनिबार एक सूचना जारी गरी आगामी भदौ ५ गते भित्रमा उजुरी दर्ता गर्न आग्रह गरेको हो ।

'मुलुकभर नै मिटर ब्याजीको जालो फैलिएको हुनसक्ने अवस्थालाई मध्यनजर गरी मिटरब्याज पीडितबाट त्यस्ता मिटरब्याजीले गरेका अपराध र शोषणविरुद्ध आ-आफ्नो जिल्लास्थित प्रशासन कार्यालयमा आगामी भदौ ५ गतेभित्र यथासम्भव बढी तथ्य र प्रमाणसहित उजुरी दर्ता गर्न सार्वजनिक सूचना जारी गरिएको छ', कार्यदलका संयोजक डा. भीष्मकुमार भुसालद्वारा जारी सूचनामा भनिएको छ ।




मिटरब्याजीहरुले निरक्षर, गरिब तथा आर्थिकरुपले अफ्ठेरो परिस्थितिमा रहेका व्यक्तिमाथि गरेको शोषणको शृङ्खलाले सयौँ परिवारको बिचल्ली भएको समाचारहरु सार्वजनिक भइरहेका छन् । त्यस्ता आर्थिक अपराधमा संलग्नलाई कानुनको दायरामा ल्याई कारबाही गर्ने प्रक्रिया चलिरहेको गृहमन्त्रालयले जनाएको छ । अझै धेरै पीडितहरु आफ्नो पीडा सार्वजनिक गर्न वा कानुनी उपचारका लागि पहल गर्न नसक्ने अबस्थामा रहेको मन्त्रालयको निष्कर्ष छ ।

मन्त्रालयले कार्यदल गठन भएको एक घण्टा भित्रैमा नवलपरासी पश्चिमको प्रतापपुर र सुस्ता गाउँपालिकाबाट संगठित भई काठमाडौँ माइतीघर मण्डलामा धर्ना दिँदै आएका मिटरब्याज तथा ठगीविरुद्ध किसान, मजदुर संघर्ष समितिसँग काठमाडौँका प्रजिअ नेतृत्वको टोलीले वार्तासमेत गरिसकेको जनाएको छ । उक्त समस्या नवलपरासीमा मात्रै नभई अधिकांश जिल्लाहरुमा रहेको हुनसक्ने भएकाले स्थानीय प्रशासनमा उजुरी दर्ता गर्न आहवान गरिएको हो ।

गृहमन्त्रालयले शुक्रबारमात्रै मन्त्रालयका सहसचिव डा भुसालको संयोजकत्वमा प्रहरीको केन्द्रीय अनसुन्धान ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्य, गृह मन्त्रालयका कानुन उपसचिव श्रीकृष्ण पौडेल, काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइराला, राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक मुकुन्द मरहा सदस्य रहेको कर्यादल गठन गरेको थियो ।

कार्यदलको सदस्यसचिवमा ब्यूरोका प्रहरी नायब उपरीक्षक रोशन खड्कालाई तोकिएको छ । कार्यदललाई एक महिनाभित्र प्रतिवेदन बुझाउने कार्यादेश दिइएको छ । कार्यदललाई मिटरब्याजी समस्या बढी भएका जिल्लामा स्थलगत भ्रमण गरी समस्याका कारण तथा समाधानका उपाय पहिचान गर्ने, मिटरब्याजीमा संलग्न व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन अन्तर-निकाय समन्वय र सहकार्य गर्ने तथा आगामी दिनमा यस्तो अपराध न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने उपायका सम्बन्धमा सिफारिससहितको प्रतिवेदन पेस गर्ने जिम्मेवारी छ ।

# मंसिर ३ गते १८ वर्ष पूरा भएकाले मतदान गर्न पाउने

काठमाडौँ, २८ साउन (रासस)/ आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचनको अघिल्लो दिन १८ वर्ष पूरा भएका मतदाताले मतदान गर्न पाउने भएका छन् ।

आगामी मंसिर ३ गतेसम्म १८ वर्ष उमेर पुगेका मतदातालाई मतदान गर्न पाउने व्यवस्था गरिएको आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिए । त्यसका लागि मतदाता सूचीमा नाम दर्ता भएको हुनुपर्नेछ ।

आयोगले गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा पनि निर्वाचनको अघिल्लो दिन १८ वर्ष उमेर पुगेर मतदाता सूचीमा नाम भएका मतदातालाई मतदानमा सहभागी हुन पाउने व्यवस्था गरेको थियो । त्यसअघिका निर्वाचनमा निर्वाचनको मिति घोषणा भएको दिनसम्म १८ वर्ष पूरा भएका नागरिकलाई मात्र मतदानको व्यवस्था गरिँदै आइएको थियो ।

आसन्न निर्वाचनमा करिब एक लाख त्यस्ता मतदाताले मतदान गर्न पाउने आयोगको अनुमान छ । निर्वाचनको मिति घोषणा भएको दिनदेखि मतदानको दिनसम्म १८ वर्ष पूरा हुने व्यक्तिले मतदान गर्न नपाउने व्यवस्था थियो । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन आगामी मंसिर ४ गते देशभर एकै चरणमा निर्वाचन हुँदैछ । गत वैशाख २९ गतेसम्म ८७ लाख ४१ हजार ५३० महिला, ८९ लाख ९२ हजार १० पुरुष र एकसय ८३ अन्य गरी एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाता १८ वर्ष पूरा भएका आयोगले जनाएको छ । स्थानीय तह सदस्य निर्वाचन सम्पन्न भएपछि आयोगले गत असार १ देखि मतदाता नामावली संकलन सुरु गरेको थियो ।




सरकारले यही साउन १९ गते आगामी मंसिर ४ गते देशभर एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन गर्ने निर्णय गरेको थियो । निर्वाचनको मिति घोषणा भएसँगै आयोगले साउन २० गतेदेखि मतदाता नामावली संकलनको काम स्थगन गरेको थियो ।

आगामी भदौ १२ देखि १९ गतेसम्म निर्वाचन कार्यालयमा पुगी मतदाता नामावली अद्यावधिक गर्न सकिने आयोगले जनाएको छ । सो अवधिमा नामावलीमा भएको त्रुटि सच्याउने, कसैले झुठा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने, दोहोरो नामावली भएको भए हटाउन निवेदन दिने, एकाघर परिवारको सदस्यको मृत्यु भएमा हटाउन निवेदन दिने, एकै वडाका दुई वा दुईभन्दा बढी मतदानस्थल भएकामा पायक पर्ने मतदानस्थलमा नाम सार्न सकिनेछ ।

नामावली अद्यावधिक गर्न इमेल, फ्याक्स तथा अनलाइनबाट निवेदन दिन सकिने आयोगले जनाएको छ । मतदाता नामावली अद्यावधिक भएपश्चात् आगामी भदौ ३१ गते अन्तिम मतदाता नामावली प्रकाशन हुनेछ ।

# दौड प्रतियोगिता सम्पन्न




काठमाडौँ, २८ साउन (रासस)/ नेपाली कांग्रेसका नेता राजेन्द्रकुमार केसीले मुलुकको विकासका लागि युवा उद्यमशीलताको आवश्यकता रहेको बताएको छ ।

काठमाडौँ महानगर पालिका-१४ स्थित कुमारी क्लबले अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा आयोजना गरेको दौड प्रतियोगिताको शुभारम्भ गर्दै नेता केसीले युवा वर्गलाई सिर्जनशील तथा उद्यमशील बनाउन सरकारले लगानी बढाउनुपर्नेमा जोड दिए ।

युवा वर्गको समग्र हित र अधिकारको विषयलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिँदै उनले युवा पिँढीमा रहेका क्षमताको उजागर गरी दिगो विकास लक्ष्य हासिल गर्न सकिने बताए । विभिन्न सामाजिक क्षेत्रमा क्रियाशील क्लवले गरेका कार्यको सरहाना गर्दै नेता केसीले देश विकासको अभियानमा युवा वर्गमा रहेका सीप तथा क्षमता उपयोग गर्नुपर्नेमा जोड दिए ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य नानु बास्तोलाले अन्तर्राष्ट्रिय युवा दिवसले समतामूलक र शान्तिपूर्ण समाज निर्माण गर्न सबैलाई प्रेरित गर्ने विश्वास व्यक्त गरे । नेपाल ट्रेड युनियन कांग्रेसका कोषाध्यक्ष मोहनकुमार बस्नेतले सरकारको व्यवस्थापकीय कमजोरीले शिक्षित युवाले समेत आफ्नो योग्यता र क्षमता अनुसारको काम तथा रोजगारी नपाई विदेशिनुपर्ने बाध्यता रहेकामा चिन्ता व्यक्त गरे ।

क्लबका पूर्वअध्यक्षत्रय नकुल हमाल ठकुरी, बालकृष्ण मैनाली र जगन्नाथ अर्याल तथा समाजसेवी कल्पना थापालगायतले युवा उद्यमशीलता विकास, युवा रोजगारी प्रवर्द्धन, विकास निर्माणमा युवा सहभागिताको खाँचो औँल्याए । क्लबका सचिव मनोज राजभण्डारीले क्लबले युवा वर्गको नेतृत्व विकास, युवा स्वास्थ्य लगायतका क्षेत्रमा कार्य गर्दै आएको जानकारी गराए ।

क्लबका अध्यक्ष रामकुमार बस्नेतले युवा वर्गलाई जीवनोपयोगी सीप र कौशलको विकास गरी उनीहरुको जीविकोपार्जन हुन सकेमा मात्र देश विकासमा सहयोग पुग्ने बताए । यसैबीच पुरुषतर्फ पाँच किलोमिटर दौडमा दीपसन ठकुरी, माइकल गरभुजा र शिशिर बस्नेत क्रमशः पहिलो, दोस्रो र तेस्रो भई १० हजार, सात हजार र पाँच हजार पुरस्कार प्राप्त गरे ।

प्रतियोगिताका संयोजक सागर मल्लका अनुसार महिलातर्फ तीन किलोमिटर दौडमा सिवानी विष्ट, पूजा विक र इशा मोर क्रमशः पहिलो, दोस्रो र तेस्रो भई सात हजार, पाँच हजार र तीन हजार पुरस्कार प्राप्त गरे ।

राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि जिल्लास्तरीय छनोट प्रतियोगितामा सहभागी हुन

**फारम भर्ने सम्बन्धी जरूरी सूचना**

यही मिति २०७९ साल असोज २८ गतेदेखि गण्डकी प्रदेशको राजधानी पर्यटकीय नगरी पोखरामा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता-२०७९ आयोजना हुँदैछ । राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागिताका लागि जिल्लास्तरीय र प्रदेशस्तरीय प्रतियोगिताबाट छनोट हुनुपर्ने छ । जिल्लास्तरीय छनोट प्रतियोगिताका लागि विभिन्न खेलमा सहभागी हुन इच्छुक खेलाडीले मकवानपुर जिल्ला खेलकुद विकास समितिको कार्यालयमा यही मिति २०७९ साल भदौ ३ गतेसम्ममा छनोट प्रतियोगितामा भाग लिनका लागि आवेदन फारम भर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । आवेदन फारम भर्नका लागि खेलाडीले जन्मदर्ता वा नागरिकताको प्रमाणपत्रको फोटोकपि र ३ प्रति पासपोर्ट साइजको फोटोसहित जिल्ला खेलकुद विकास समितिको कार्यालयमा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला खेलकुद विकास समितिको कार्यालय**
हेटौंडा, मकवानपुर
०५७-५२४६५८/९८५५०६९८१४

# 'हाम्रा' हैन...

यस अतिरिक्त संसद्मा हुने प्रत्येक छलफलहरूमा गम्भीरता साथ सांसदहरूले भाग लिनुपर्नेमा जहिले पनि अधिकांश कुर्सी खाली देखिएका थिए । जबकि २०४८ को निर्वाचनपछि गठित संसद्मा दिनदिनै सयकडौं प्रश्न सांसदहरूले मन्त्रीहरूसँग सोधिन्थ्यो । अब मुस्किलले दुई-चार थान पनि प्रश्नहरू दर्ता भएको देखिँदैन । यसले संसद्को स्तरलाई घटाएको छ ।

सबभन्दा बढी दुरूपयोग समानुपातिकको माध्यमबाट निर्वाचित हुने सांसद पदबारे भएको ठानिएको छ । यो कहाँनेर दुरुपयोग भएको मानिएको छ भने यसलाई नेताहरूले मोटो रकम दिनेदेखि आफन्त वा आफन्ती, नातागोता र आफू निकटतम हुनेहरुलाई पोस्ने वा उपहारका रूपमा पद दिने माध्यम बनेको छ ।

समानुपातिकको उपयोग गर्दा जाति-जनजाति पिछडिएका वर्ग विद्वान् वर्गको हकमा हुनुपर्ने थियो । यसैमार्फत विद्वान् विदुषीहरूलाई संसद्मा स्थान दिन सकिने पनि थियो । जसबाट संसद्को गरिमा बढ्न सक्ने हो । समानुपातिक सांसद धनीमानी व्यापारी, बिचौलिया, विद्यालय-अस्पतालको सञ्चालक, ढुङ्गा-बालुवा-गिट्टीका व्यापारसँगै नवधनाढ्य वर्गमा उक्लिएकाहरूले 'वैधता' प्राप्त गर्ने पद बनेको छ ।

अब बिचौलिया, जग्गा दलाल, पुँजी विदेश पलायनमा संलग्न व्यापारीहरू संसद् र सरकारमा आसीन हुँदा तिनले आमजनताको समस्या र सुख-सुविधाको कुरा भन्दा आफ्नै निजी स्वार्थलाई महत्व दिनु स्वाभाविक हो ।

तसर्थ, भावी गठन हुने संसद्को गरिमा बढाउन निम्ति उम्मेदवार चयनमा दलहरूले ध्यान पुऱ्याउनै पर्छ । तिनीहरू उम्मेदवार चयनमा चुकेको खण्डमा मतदाता स्वयंले त्यस्ता विवादित पात्रहरूलाई ठेगान लगाउन कुनै कसर बाँकी राख्नुहुन्न । आम निर्वाचनमा 'हाम्रा मान्छे' भन्दा पनि 'राम्रा र योग्य' उम्मेदवार उठाउन र जिताउन आवश्यक छ ।

-साभार: इकागज

# निर्वाचनमा स्वस्थ प्रतिस्पर्धा हुनुपर्छ : अध्यक्ष ओली

काठमाडौँ, २८ साउन (रासस)/ नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले निर्वाचनमा स्वस्थ प्रतिस्पर्धा हुनुपर्नेमा जोड दिएको छ ।

लोकतान्त्रिक शेर्पा सैको दोस्रो अधिवेशनको उद्घाटन गर्दै उनले लोकतान्त्रिक अभ्यासमा स्वस्थ प्रतिस्पर्धा हुनुपर्नेमा जोड दिए । उनले एमाले बहुदलीय व्यवस्थाअनुसार प्रतिस्पर्धा गर्न तयार रहेको बताए ।

'लोकतन्त्रमा प्रतिस्पर्धा हुन्छ, दलबीच प्रतिस्पर्धा गरौँ, शत्रुता होइन', उनले भने । देशमा द्वन्द्व हुँदा बाहिरी शक्तिको चलखेल बढ्न सक्ने र देशको अवस्था अप्ठ्यारोमा पर्ने उनको भनाइ थियो । उनले देशको राजनीतिलाई सही ढंगबाट बढाउनका लागि एमाले मजबुत हुनुपर्नेमा जोड दिए ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका ओलीले एमालेको उद्देश्य शान्तिपूर्ण नेपाल र समृद्ध नेपाल रहेको भन्दै सामाजिक न्याय र समानतासहितको नेपाल निर्माण गर्न खोजिरहेको बताए । उनले राजनीतिक, आर्थिक र सामाजिक व्यवस्था सही ढंगले गर्नसके नेपाललाई सुन्दर बनाउन सकिने धारणा राखे ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कारबाही बढे पनि कालोबजारीया घटेनन्

काठमाडौँ, २८ साउन (रासस)/ सरकारले खाद्य स्वच्छता तथा गुणस्तर कायम गराउन गरेका प्रयास सन्तोषजनक देखिएका छैनन् । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग खाद्य स्वच्छता तथा गुणस्तर अनुगमन तथा नियमन गर्ने निकाय हो ।

विभागले आर्थिक वर्ष २०७७/७८ मा अखाद्य वस्तु उत्पादन गर्ने एक सय उत्पादक कम्पनीलाई कानुनी कारबाही गरेको प्रतिवेदनमा उल्लेख भएपनि बजारमा अखाद्य वस्तु उत्पादन गर्ने कम्पनी वा फर्मको संख्या भने घटेको देखिँदैन ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयको आर्थिक वर्ष २०७८/७९ को चौथो त्रैमासिक एवं वार्षिक अवधिको प्रगति समीक्षा प्रतिवेदनमा मुद्दा दायराको संख्या गत वर्षको तुलनामा १५ प्रतिशतले बढेको उल्लेख छ ।

आव २०७८/७९ मा चार हजार छसय ६० खाद्यान्न तथा दाना नमूना संकलन गर्दा एक सय १५ कम्पनीले अखाद्य वस्तु उत्पादन गरेको ठहर गर्दै 'खाद्य ऐन, २०२३' बमोजिम विभागले मुद्दा दर्ता गरेको थियो ।

आव २०७८/७९ मा आठ हजार ६६ पटक खाद्य तथा दाना बजार, उद्योग, होटेल, रेष्टुरेन्ट, हाटबजार, मेला महोत्सवमा अनुगमन गरिएको र २०७८ कात्तिकदेखि तराईका सात नाकामा द्रुत विषादी अवशेष परीक्षण प्रयोगशाला स्थापना गरेर तरकारी तथा फलफूलका ५६ हजार तीन सय ३८ नमूना लिइ विषादी अवशेष परीक्षण भइरहेको उल्लेख गरे पनि उपभोक्ता भने आस्वस्त हुन सकेका छैनन् । विभागले निरन्तर कारबाहीको दायरा बढाउँदै लगेको तथ्याङ्कमा देखिए पनि कालोबजारीयाको संख्या नघटेकाले उपभोक्ता आस्वस्त हुन नसकेका हुन् ।



खाद्य पदार्थमा विशुद्धता कायम राख्न खाद्य ऐन, २०२३ बनाइएको थियो । उक्त ऐनले सर्वसाधारण जनताको स्वास्थ्य तथा सुविधा कायम राख्न खाद्य पदार्थमा कुनै अवाञ्छनीय मिसावट रोक्न वा खाद्य पदार्थमा रहेको स्वाभाविक कुनै गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने व्यवस्था गरेको छ ।

ऐनबमोजिम अभियोग प्रमाणित भएमा दूषित खाद्य पदार्थ उत्पादन तथा विक्री वितरण गर्ने कम्पनीलाई 'खाद्य ऐन, २०२३' दफा ३ ले पाँच वर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था गरेको छ ।

उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँले कानुनी कारवाहीको दायरा विभागले बढाउँदै लगेको भए पनि कारबाही कमजोर र फितलो भएकाले अखाद्य वस्तु उत्पादन गर्ने कम्पनीको मनोबल बढ्दै गएको बताए ।

कानून व्यवसायी हरि प्रसाद दुलालले खाद्यान्नमा लेवल, न्यूनगुणस्तर, ऐन नियमविपरीत, दूषित, अनुज्ञापत्र नलिएका र कोलिफर्म, मिसिएका खाद्य तथा पेयपदार्थ उत्पादन गरेका कम्पनी बजारमा छ्याप्छ्याप्ती भेटिए पनि कानूनी कारवाही फितलो छ । फितलो कारवाही भएकैले कसुरदारले छिटो उनमुक्ति पाउछन् भने । विभागले पछिल्लोपटक सार्वजनिक गरिएको तथ्याङ्कमा दालमोठ, मासु, सब्जी, मिक्स मसला तथा अन्य मसलाजन्य पदार्थ, पाउरोटी, दही, दाना, प्रशोधित पिउने पानी, चाउचाउ, चिया, मुसुरोको दाल, घ्यू, आयातित तोरीको तेल, गाईबस्तुको दाना, चाउमिन, मह, बेकरी, गहुँको पीठो, चामल, पेडा, सूर्यमुखी तेल, पोष्टा दाना, क्यारामेल सस, कुखुराको दाना, बिस्कुट, मम, भेज सस, पुष्टकारी, बेनेगर र गुदपाकलगायत वस्तु अखाद्य ढङ्गले उत्पादन भइरहेको उल्लेख छ ।

बजारमा अखाद्य वस्तु उत्पादनसँगै खाद्यान्नमा व्यापक मिसावट हुने गरेको छ । होटलमा बासी भातलाई खीर, खसीको मासुमा बाख्राको मासु, दूधमा पानी, उन्नत जातको चामलमा न्यून गुणस्तरीय चामल, ताइचिनको चिउरामा अन्य जातको चिउरा, शुद्ध तोरीको तेलमा विभिन्न थरीका तेल, शुद्ध घिउमा डाल्ला घिउ, महमा चिनीपाक मिसावट गरी व्यापारीले कालोबजारी गर्दै आएको विभागले स्वीकार गरेको छ ।

उपभोक्ता संरक्षण ऐनले मिसावट गर्ने त्यस्ता व्यक्तिलाई तीन वर्षदेखि १० वर्षसम्म थुनामा पठाउनसक्ने उल्लेख गरेको छ तर उक्त ऐन कमजोर भएकाले फौजदारी अपराध संहिताको दफा १०७, १०८, र १०९ बमोजिम कारबाही गर्नुपर्ने अधिवक्ता दुलालको भनाइ थियो ।

# 'औद्योगिक क्षेत्रको निर्माणले मात्र देश समृद्ध'

चितवन, २८ साउन (रसस)/ नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठले औद्योगिक क्षेत्रको निर्माणले मात्र देश समृद्धिको बाटोमा जाने बताएको छ ।

उद्योग, कलकारखाना स्थापनापश्चात् देश आत्मनिर्भर हुने, देशमै रोजगारीको सिर्जना हुने भएकाले उद्योग र औद्योगिक क्षेत्रको स्थापनाबिना देशमा समृद्धिको परिकल्पना गर्न नसकिने उनले बताए ।

कालिका नगरपालिकाद्वारा शनिबार आयोजित औद्योगिक क्षेत्र स्थापना तथा शक्तिखोर-मझिमटार सुरुङमार्ग निर्माणसम्बन्धी अन्तर्क्रिया कार्यक्रममा मन्त्री श्रेष्ठले शक्तिखोर औद्योगिक क्षेत्र र शक्तिखोर-मझिमटार सुरुङ मार्ग चितवनको गहना भएको बताए । उनले भने, 'शक्तिखोर-मझिमटार सुरुङमार्ग निर्माणले शक्तिखोरमा स्थापना हुने औद्योगिक क्षेत्रको विकास र देशको यातायातको पूर्वाधारमा महत्वपूर्ण भूमिका रहने छ ।' कार्यक्रममा चितवन क्षेत्र नं २ का सांसद तथा प्रतिनिधिसभा कानुन न्याय तथा मानवअधिकार समितिका सभापति कृष्णभक्त पोखरेलले देशमा उद्योग कलकारखाना बिनाको समृद्धि सम्भावना नभएको भन्दै पार्टीभन्दा माथि उठेर देशको समृद्धिमा सबै लाग्नुपर्ने बेला आएको बताए ।




राष्ट्रिय योजना आयोगका उपाध्यक्ष विश्वनाथ पौडेलले देशको विकास र समृद्धिको लागि सडक, उद्योग कलकारखाना प्रमुख हुने बताए । स्थानीयको समस्याको पहिचान र समाधान गरी औद्योगिक क्षेत्रको स्थापना गर्नुपर्ने उनको भनाइ थियो ।

शक्तिखोरमा बन्ने औद्योगिक क्षेत्र देशकै मध्य भागमा रहेकाले यसको बढी महत्व रहेको भन्दै स्थानीयलाई रोजगारीको सिर्जना गरी औद्योगिक क्षेत्रको विकास गर्नसके नेपाली विदेशिने क्रमलाई कमी ल्याउन मद्दत पुग्ने बताए ।

# निर्वाचन आयोगमा ४० दल दर्ता

काठमाडौँ, २८ साउन (रासस)/ आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि शनिबार अपराह्नसम्म विभिन्न ४० राजनीतिक दलले दल दर्ता गराएका छन् । राष्ट्रिय मान्यता प्राप्त दलसहित अन्य दलले आसन्न निर्वाचनमा भाग लिने प्रयोजनका लागि दल दर्ता गराएको आयोगले जनाएको छ ।

आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको पहिलो हुने निर्वाचित हुने प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिनका लागि यही साउन २२ देखि ३१ गतेसम्म दल दर्ताका लागि आह्वान गरेको छ । सार्वजनिक बिदाका दिन पनि आयोगको कार्यालय खुला रहने र निर्वाचनसँग सम्बन्धित काम नियमितरुपमा सम्पादन हुने जनाइएको छ ।

# बागमतीका प्रभावकारी बनेन् छात्रवृति कार्यक्रम, एक करोड फ्रिज

साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ सरकार र मातहतका कार्यालयको वेवास्था र सम्बन्धित विद्यार्थीकै कारण बागमतीमा शैक्षिक छात्रवृति कार्यक्रम प्रभावकारी बन्न नसकेको पाइएको छ ।

माघ २०७६ बाट बागमती प्रदेश सरकारले उच्च शिक्षा अध्ययन गर्न चाहने छोरी-बुहारीका लागि छात्रवृति दिने भन्दै नयाँ योजनाको अभ्यास सुरु गरेको थियो । तर, सम्बन्धित विद्यार्थीहरुकै कारण छोरी-बुहारीलगायतका अन्य छात्रवृति कार्यक्रम प्रभावकारी बन्न नसकेको हो ।




प्रदेशको सामाजिक विकास मन्त्रालयअर्न्तगत शिक्षा विकास निर्देशनालयले २०७६ सालमै स्नातक तथा स्नाकोत्तर तहमा अध्ययनरत ४ सय छोरी बुहारीहरुका लागि 'छोरी-बुहारी छात्रवृति' कार्यक्रम ल्याएको थियो । विगतकै वर्षदेखि लागू भएको कार्यक्रम गत आर्थिक वर्ष २०७८/०७९ मा भने प्रभावकारी हुन नसकेको पाइएको छ ।

प्रदेशका सामुदायिक क्याम्पसमा अध्ययनरत् छोरी बुहारीहरुलाई शिक्षामा प्रोत्साहन स्वरुप छात्रवृति दिन कार्यक्रम ल्याइपनि छोरी-बुहारीहरुले छात्रवृति पाउन नसकेका हुन् । शिक्षा विकास निर्देशनालय हेटौंडा छात्रबृति कार्यक्रम कार्यान्वयनमा असक्षम देखिएको छ । निर्देशनालयले प्रदेशभरीका क्याम्पसमा स्नातक तह र स्नाकोत्तर तहमा अध्ययनरत् छात्राहरु (छोरी-बुहारी) लाई छात्रबृति रकम दिने भनेर रकम छुट्याए पनि कार्यबिधि संसोधन हुन नसक्दा रकम पाउनबाट सबै छात्राहरु बञ्चित भएका छन् ।

शैक्षिक छात्रबृति रकम वितरण गर्नका लागि कार्यविधि बाधक भएमा सामाजिक विकास मन्त्रीले कार्यविधि संसोधन गर्न सक्ने व्यवस्था रहेपनि मन्त्रालयकै वेवास्थाका कारण छात्राहरु छात्रवृतिबाट बञ्चित भएका हुन् । प्रदेशभरीका छोरी, बुहारीले पाउने छात्रबृति रकम गत आवमा कसैले पनि प्राप्त गर्न नसकेको निर्देशनालयले जनाएको छ । स्नातक तहमा अध्ययनरत छात्राहरुले पहिलो वर्षको बार्षिक परिक्षा दिएपछि १० हजार रुपैयाँ र स्नाकोत्तर तहमा अध्ययनरत् छात्राहरुले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

तर, कोही पनि विद्यार्थी गत आवको परीक्षामा सामेल नभएकाले छात्रवृति रकम वितरण गर्न नसकिएको शिक्षा विकास निर्देशनालय हेटौंडाका निमित्त निर्देशक पूर्णबहादुर दर्जीले जानकारी दिए । रकम वितरण गर्दा दोहोरोपन हुने भएकाले गत आवमा रकम वितरण गर्न नसकिएको उनको भनाई छ ।

यसैगरी, प्रदेशभरीका गरिब, जेहेन्दार र छात्राहरुका लागि भनेर सरकारले छुट्याएको छात्रबृति रकम बितेको आर्थिक वर्षमा वितरण गर्न नसकेको हो ।

गत आवमा कक्षा ११ र १२ का प्राविधिक विषय अध्ययनरत् विद्यार्थीलाई दिइने छात्रवृति २ जनालाई मात्रै दिइएको शिक्षा विकास निर्देशनालय हेटौंडाका निमित्त निर्देशक पूर्णबहादुर दर्जीले जानकारी दिए । प्रदेशका एक सय १९ वटै स्थानीय तहमा कक्षा ११ र १२ मा प्राविधिक विषय कृषि, भेटिनरी, सिभिल इन्जिनियरिङ, वन बिज्ञान विषय अध्ययनरत बिद्यार्थीलाई लक्षित गरेर पढाइमा लाग्ने भर्ना र मासिक शुल्क वापत छात्रबृति रकम दिने भनिएको थियो ।

तर, सबै विद्यार्थी समक्ष कार्यक्रम पुऱ्याउन नसकिएको दर्जीले बताए । प्रदेशस्थित सम्बन्धित जिल्लाका विद्यार्थीमा छात्रवृति कार्यक्रमबारे जानकारी नभएर पनि समस्या भएको जनाइएको छ । शैक्षिक छात्रबृतिका लागि सरकारले एक करोड २५ लाख रुपैयाँ गत वर्ष छुट्याएको थियो । निर्देशनालयले जम्मा दुइ जना विद्यार्थीलाई छात्रबृति रकम दिएर सबै बाँकी रकम फ्रिज गराएको हो ।

## एसईईमा उत्कृष्ट नतिजा ल्याएका ६४ जना विद्यार्थीलाई प्याब्सनको सम्मान



साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) मकवानपुरले एसईईमा उत्कृष्ट नतिजा ल्याउन सफल ६४ जना विद्यार्थीलाई सम्मान गरेको छ ।

प्याब्सनले २०७८ सालको एसईईमा उत्कृष्ट नतिजा ल्याउन सफल मकवानपुरका निजी विद्यालयका ६४ जना विद्यार्थीलाई सम्मान गरेको हो । शनिबार एक कार्यक्रमको आयोजना गर्दै प्याब्सनले ३ दशमलव ६ जीपीए भन्दा बढी प्राप्ताङ्क भएका ६४ जना विद्यार्थीलाई प्रमाणपत्र, ट्रफी र खादाले सम्मान गरेको छ । प्याब्सन मकवानपुरका अध्यक्ष बिनोद सुवेदीले मकवानपुर जिल्लाकै सर्वोत्कृष्ट ३ दशमलव ९५ जीपीए ल्याउने नवोदय शिशु सदनका प्रिन्स बर्तौला र ३ दशमलव ९० जीपीए ल्याउने रेविका पाखिनलाई नगदसहित सम्मान गरिएको जानकारी दिए । सर्वोत्कृष्ट जीपीए ल्याएका २ जनालाई नगद, प्रमाणपत्र, ट्रफी र खादासहित सम्मान गरिएको सुवेदीले बताए ।

हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मिनाकुमारी लामाको प्रमुख आतिथ्य तथा निजी तथा आवासीय विद्यालय अर्गनाईजेशन (प्याब्सन) मकवानपुरका अध्यक्ष सुवेदीको सभाध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड मकवानपुरका प्रमुख कृष्णप्रसाद घिमिरे, शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतम लगायतको आतिथ्यता रहेको थियो ।

## रोटरी क्लव अफ हेटौंडाद्वारा विद्यालय पोसाक वितरण



साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ रोटरी क्लव अफ हेटौंडाले हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१ नकौली स्थित कालिका आधारभूत विद्यालयमा अध्यनरत अत्यन्त गरिब विद्यार्थीका लागि विद्यालय पोसाक वितरण गरेको छ ।

क्लवले विद्यालयमा अध्ययनरत २० जना आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई विद्यालय पोसाक वितरण गरेको हो । रोटरी क्लबअफ हेटौंडाका अध्यक्ष सुयस पराजुलको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका निवर्तमान मेयर हरि बहादुर महतको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा हेटौंडा-१ का वडाध्यक्ष सविन न्यौपाने, कार्यपालिकाका सदस्य इश्वरी रसाइली लगायतकाको आतिथ्यता रहेको थियो । कार्यक्रममा रोटरी क्लबका उपाध्यक्ष, सचिव लगायत पदाधिकारी र सदस्यहरु, विद्यालयका अभिभावकहरुको उपस्थिती रहेको थियो ।

## ४१ जनाले गरे रक्तदान

हेटौंडा २८ साउन/ मनहरी गाउँपालिकामा भएको रक्तदान कार्यक्रममा ४१ जनाले रक्तदान गरेका छन् ।

फरिस्ता क्लब मनहरीको आयोजनामा शनिबार मनहरीमा भएको रक्तदान कार्यक्रममा ४१ जनाले रक्तदान गरेका हुन् । ४ जना महिला र ३७ जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिए ।

सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मकवानपुरको
वन विज्ञानमा डिप्लोमा कक्षा ११ तथा कक्षा १० (खुला) मा

**विद्यार्थी भर्ना सम्बन्धि सूचना**

कक्षा ११/१२ संचालनको प्रथम वर्षदेखि नै लगातार सर्वोत्कृष्ट तथा उत्कृष्ट नतिजा ल्याउन सफल हेटौंडा नगरीको मुटुमा अवस्थित यस सिद्धार्थ मा.वि. हेटौंडा-२ मा शैक्षिक सत्र २०७९/८० का लागि CTEVT अन्तर्गत वन विज्ञान डिप्लोमा, कक्षा ११ मा विज्ञान, कानुन, व्यवस्थापन र शिक्षा शास्त्रका साथै कक्षा १० (खुला) मा धमाधम नयाँ भर्ना भैरहेको हुँदा आफ्नो सिट समयमै सुरक्षित राख्न सम्बन्धित विद्यार्थी एवम् अभिभावकहरुलाई जानकारी गराइन्छ ।

प्रधानाध्यापक

**सिद्धार्थ माध्यमिक विद्यालय**

हेटौंडा- २, मकवानपुर

**सम्पर्क नम्बर**: ०५-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

## अर्न्तराष्ट्रिय युवा दिवसमा पर्यटन प्रवर्द्धन गर्न युवा पदयात्रा

साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ अर्न्तराष्ट्रिय युवा दिवसको अवसरमा बागमती प्रदेशको पर्यटन प्रवर्द्धन गर्नका लागि युवा पदयात्रा गरिएको छ ।

प्रदेश युवा परिसद् बागमतीको आयोजनामा शनिबार 'अन्तरपुस्ता ऐक्यवद्धता, सबै उमेर समूहमैत्री विश्व निर्माणमा साझा प्रतिवद्धता' भन्ने मुल नाराका साथ २२ औ अर्न्तराष्ट्रिय युवा दिवसको अवसरमा पदयात्रा गरिएको हो । पर्यटन प्रवर्द्धन गर्ने उदेश्यले पदयात्रा गरिएको प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले बताए । हेटौंडा उपमहानगरपालिका वडा नम्बर-५ सिंचाइटोलबाट सुरु गरिएको पदयात्रा मनकामना डाँडा पुगेर गोरक्षेश्वर हुँदै हेटौंडा बजार आइपुगेको थियो । कार्यक्रममा बागमती प्रदेशसभाका सदस्य प्रेम बहादुर पुलामी, प्रदेश नीति तथा योजना आयोगका सदस्य प्रलाद लामिछाने, बार एसोसीएसनका पूर्व अध्यक्ष मदन कुमार दाहाल, जिल्ल युवा समिति मकवानपुरका अध्यक्ष सुमन पाखिन, स्काउटका बागमती प्रदेश सदस्य अशोक सारु मगर, जिल्ला खेलकुद विकास समिति मकवानपुरका प्रमुख माधब कोइराला, प्रदेश युवा परिषद्का निमित्त कार्यालय प्रमुख रमेश घिमिरे लगायतकाको आतिथ्यता रहेको थियो ।

## फरार अभियुक्तको सम्पत्ति एवं सेवासुविधा रोक्का

साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ मकवानपुरको विकट राक्सिराङ गाउँपालिकाका चार जना फरार अभियुक्तको सम्पत्ति एवं सेवासुविधा रोक्का गरिएको छ ।

लागूऔषध र जबरजस्ती करणी मुद्दामा कसुरदार ठहरिएर फरार रहेका चार जना प्रतिवादीको सम्पत्ति तथा सेवासुविधा रोक्का गरिएको हो । सम्पत्ति तथा सेवासुविधा रोक्का एवं निलम्बन गरिएकाहरू राक्सिराङ गाउँपालिका-१ का ३० वर्षीय सुजन भन्ने अर्जुन मुक्तान लागूऔषध गाँजा मुद्दामा, वडा नम्बर ३ का ५३ वर्षीय सानुकान्छा योन्जन, वडा नम्बर २ का २६ वर्षीय लाले भन्ने गोपीलाल वाइबा, र वडा नम्बर ९ का २५ वर्षीय देवीलाल श्रेष्ठ जबरजस्ती करणी मुद्दामा कसुरदार ठहरिएका रहेका छन् ।

मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ मा व्यवस्था भएअनुसार जिल्ला प्रहरी कार्यालय मकवानपुरले निजहरूको सम्पत्ति तथा सेवासुविधा रोक्का एवं निलम्बन गर्न पत्राचार गरेको थियो । सोही अनुसार सम्पत्ति तथा सेवासुविधा रोक्का एवं निलम्बन गरिएको राक्सिराङ गाउँपालिकाले जनाएको छ ।

## वनबाट उठ्ने राजस्वमा चासो राख्ने वाइसिएल मनहरीको निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ नेकपा (माओवादी केन्द्र) निकट योङ्ग कम्युनिष्ट लिग (वाइसिएल) मनहरी गाउँ कमिटीले गाउँपालिका भित्र रहेको वन, बगर र त्यसबाट उठ्ने राजस्वको सन्दर्भमा समेत विशेष चासो राख्ने निर्णय गरेको छ ।



शनिबार बसेको वाइसिएलको विस्तारित बैठकले उक्त निर्णय गरेको हो । बैठकले गाउँपालिका भित्र उत्पन्न हुने विकृति विसंगतिहरुलाई न्यूनीकरणका लागि वाइसिएललाई सकृय बनाउने समेत निर्णय गरेको योङ्ग कम्युनिष्ट लिग (वाइसिएल) मनहरी गाउँ कमिटीका अध्यक्ष कृष्ण रुम्बा झाँक्रीले जानकारी दिए । बैठकले संगठनलाई कसरी बलियो बनाउन सकिन्छ भन्ने विषयमा छलफल गरिएको थियो । नेकपा माओवादी केन्द्र वागमती प्रदेश कमिटी सदस्य विर बहादुर गलान (ज्वाला) को प्रमुख आतिथ्यता रहेको बैठकमा पार्टीका मनहरी गाउँ कमिटीका इन्चार्ज राजकुमार पाखिनको विशेष आतिथ्यता रहेको थियो ।

त्यस्तै कार्यक्रममा नेकपा (माओवादी केन्द्र) मनहरी गाउँ कमिटीका अध्यक्ष राम प्रसादा कालाखेती, दोस्रो स्थानीय तह निर्वाचनमा पार्टीबाट निर्वाचित वडा अध्यक्षहरु लगायतकाको उपस्थिति रहेको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू**:



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**भर्ना खुल्यो ! भर्ना खुल्यो !!**

**H.A कार्यक्रम**

**फारम बुझाने अन्तिम मिति**:
२०७९ साउन २६ गते बिहीबार बेलुका ४:३० बजे सम्म
**प्रवेश परीक्षा मिति**: २०७९ भाद्र ०४ गते विहान ११ बजे

फारम शुल्क रु १५००/-

**आवश्यक न्यूनतम शैक्षिक योग्यता**:
मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SLC/SEE) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम 'C' ग्रेड प्राप्त गरी समग्र Grade Point Average (GPA) न्यूनतम २ प्राप्त गरेको हुनुपर्नेछ ।

**नोट**:
सामुदायिक, विद्यालय अध्ययन गरेको एकल महिला, दलित, आदिबासी/जनजाती मुस्लिम, मधेसी, पिछडिएको दुर्गम वर्गमा पर्ने विद्यार्थीहरुले सोको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-५, भैरवरोड, सम्पर्क: ०५७-५२१८५२, ९८४५०२९८१०

**मकवानपुर बहुमुखी क्याम्पसमा**
**कक्षा ११ मा भर्ना खुल्यो**

समुदायको व्यवस्थापनमा सञ्चालित उत्कृष्ट शैक्षिक गन्तव्य गुणस्तरीय क्याम्पसको रुपमा प्रमाणित मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा भर्ना खुल्यो । यथाशिघ्र भर्ना भई उपयुक्त विषयको अध्ययन गरी सुन्दर भविष्य निर्माणमा अग्रसर हुन सम्पूर्ण विद्यार्थीमा अनुरोध गरिन्छ । फारम वितरण भइरहेको छ । कक्षा सञ्चालन भदौ ५ गते आइतबारदेखि हुने जानकारी गराइन्छ ।

| बिहानी समूह | दिवा समूह |
|---|---|
| व्यवस्थापन | विज्ञान |
| मानविकी | व्यवस्थापन |
| शिक्षाशास्त्र | |



विज्ञान संकायको प्रवेश परीक्षा साउन २४ गते दिनको १ बजे हुनेछ ।

**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-२, मकवानपुर
०५७-५२०६२०

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**
हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना